राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## सिंहदरवारप्लाजा, काठमाडौंको

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७७१०।०८)**

यस बैंकको संचालक समितिको मिति २०७७१०।०७ गते बसेको २४४० औं बैठकको निर्णयानुसार बैंकको **१५ औं वार्षिक साधारण सभा** निम्न मिति र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न भर्चुअल माध्यमबाट संचालन हुने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि अनुरोध छ ।

**(क) साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७७|१०|२८ गते बुधबार |

समय : अपरान्ह २ बजे |

स्थान : राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालय स्थित सभाकक्ष ( कोभिड-१९ संक्रमणको जोखिमका कारण शेयरधनी महानुभावहरुलाई भर्चुअल (ZOOM) को माध्यमबाट सभामा सहभागी हुन अनुरोध गरिएकोछ, मिटिङ्ग लिङ्क शेयरधनी महानुभावहरुको इमेलमा पठाइनेछ |)

**(ख) छलफलका विषयहरु :**

**(अ) साधारण प्रस्ताव**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने **आ.व.२०७६|०७७** को बैंकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने |

(२) लेखापरीक्षकहरुको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात र मिति **२०७६|०४|०१ देखि २०७७|०३|३१** सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने |

(३) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम आ.व.२०७७ आषाढ मसान्तमा कायम चुक्ता पूंजीको २.५० प्रतिशतका दरले हुन आउने रकम रु.२२,५१,१९,८९३|- (अक्षरेपी रु. बाइस करोड एकाउन्न लाख उन्नाईस हजार आठ सय त्रियानब्बे मात्र |) नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने |

(४) आ.व.२०७६/०७७ को बाह्य लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्त गर्ने |

(आ) **विशेष प्रस्तावहरु:**

(१) साधारण शेयरधनीहरुलाई चुक्ता पूंजीको २ प्रतिशत बोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने ।

(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको बोनस शेयर प्रस्ताव गरिएकोमा सो हदसम्म बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धी दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ई) **विविध:**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१ कोभिड-१९ को जोखिम कायमै रहेको वर्तमान सन्दर्भमा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्न भर्चुअल (ZOOM) को माध्यमबाट सभामा सहभागी भईदिनुहुन शेयरधनीहरुमा अनुरोध छ ।

२ भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुलाई सभाहलमा उपस्थित भए सरह मान्यता दिईनेछ र शेयरधनीहरुको भर्चुअल सहभागीताको आधारमा सभाको गणपुरक संख्या कायम गरिने छ ।

३ भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरुको हाजिरी निजहरुले गरेको Login मार्फत Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा संचालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ ।

४ भर्चुअल माध्यमबाट सभामा सहभागी हुन तथा सुझाव राख्न इच्छुक शेयरधनीहरुले यस बैंकको वेवसाईटमा साधारण सभाको सूचनासंगै राखिएको पोर्टल/लिङ्कमा गई सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो विवरण दर्ता गराउनुहुन वा agm@rbb.com.np मा इमेल गरी आफ्नो विवरण पठाउनुहुन अनुरोध छ । यसरी विवरण दर्ता वा पठाउनुहुने शेयरधनीहरुलाई सभाको Meeting ID र Passcode तथा लिङ्क र वार्षिक प्रतिवेदनको सफ्ट कपी उपलब्ध गराईने छ ।

५ साधारणसभामा सहभागी हुनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि कम्पनीको शेयर संचालक समितिको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ । बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुटयाई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुने छन् । रितपूर्वक नियुक्त भएको प्रतिनिधिलाई मात्र सभामा सहभागी गराईने व्यवस्था गरिनेछ ।

६ एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस भन्ने छुटै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगाबै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईनेछ ।

७ दफा ४ र ५ मा उल्लेखित दिन कुनै सार्वजनिक बिदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कम्पनी कार्यालय खुल्ला रहनेछ ।

८ प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा सहभागी हुन चाहेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

९ एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छ ।

१० नावालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

११ संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारम संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

१२ शेयरधनी तथा शेयरधनीका प्रतिनिधिहरुले Chat Box बाट समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नुहुनेछ ।

१३ साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय सञ्चालक समिति सचिवालयमा सर्म्पक राख्न समेत अनुरोध गरिन्छ । साथै अन्य जानकारीका लागि बैंकको वेवसाईट www.rbb.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**